# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## **स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| खण्डः ८ | संख्याः६ | माघ महिना १८ गते, २०८१ |

### **भाग १**

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा १ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**ऐनको नामः सरावल गाउँपालिकाको शिक्षा ऐन २०७४ (दोस्रो संशोधन सहित)**

सरावल गाउँपालिका

## सरावल गाउँपालिकाको शिक्षा ऐन २०७४ (दोस्रो संशोधन सहित)

*सभाबाट स्वीकृत मितिः २०७४/१२/२६*
*पहिलो संशोधन मितिः २०८०/०९/२८*
*दोस्रो संशोधन मिति २०८१/१०/१४*
*सरावल राजपत्रमा प्रकाशित मितिः २०८१/१०/१८*

प्रस्तावनाः

प्रत्येक नागरिकमा सहिष्णुता, सदाचार, नैतिकता र मानवीय मूल्यको प्रवर्धन गरी संघीय लोकतन्त्रको संस्थागत विकास, मुलुकको समृद्धि र जनहितका लागि स्थानीय, राष्ट्रिय र विश्वव्यापी आवश्यकतामा आधारित प्रतिस्पर्धी जनशक्ति तयार गर्न यस स्थानीय तहको क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका विद्यालय तथा शैक्षिक निकायहरुको व्यवस्थापन गर्न वाञ्छनीय भएकोले, "नेपालको संविधान २०७२ को धारा २२१, अनुसूची ८ को सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन २०७४" को दफा १०२ वमोजिम सरावल गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "सरावल गाउँपालिकाको शिक्षा ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन सरावल गाउँपालिका भर लागू हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भए पश्चात लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "ऐन" भन्नाले सरावल गाउँपालिकाको शिक्षा ऐन, २०७४ लाई सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले सरावल गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) "कोष" भन्नाले दफा ४० वमोजिम विद्यालय सञ्चालनका लागि खडा गरिएको सञ्चित कोषलाई सम्झनु पर्छ ।

(घ) "गाउँपालिका" भन्नाले सरावल गाउँपालिकालाई सम्झनुपर्छ ।

(ङ) "गाउँ सभा" भन्नाले सरावल गाउँ पालिकाको गाउँ सभालाई सम्झनुपर्छ ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

सरावल गाउँपालिका

(छ)“प्रारम्भिक बालविकास केन्द्र” भन्नाले चार वर्ष उमेर पूरा भई पाँच बर्ष उमेर पूरा नगरेका बालबालिकालाई आधारभूत शिक्षाको एक अंशको रुपमा शिक्षा दिने प्रयोजनको लागि खोलिएको प्रारम्भिक बालविकास केन्द्रलाई सम्झनु पर्छ ।

(ज)“आधारभूत शिक्षा” भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(झ)“माध्यमिक शिक्षा” भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ ।

(ञ)“विद्यालय शिक्षा” भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ ।

(ट)“प्राविधिक तथा व्यावसायिक शिक्षा” भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुमा आधारित प्रविधि र व्यवसाय उन्मुख शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्रसम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ ।

(ठ)“सामुदायिक विद्यालय” भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी समुदायको पहलमा स्थापना भई अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ड)“व्यवस्थापन समिति” भन्नाले दफा १९ बमोजिम गठन हुने विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ ।

(ढ)“शिक्षा अधिकृत” भन्नाले गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुख वा सो प्रमुखको कामकाज गर्न तोकिएको शाखा अधिकृतलाई सम्झनु पर्छ ।

(ण)“शिक्षा, युवा तथा खेलकुद शाखा” भन्नाले गाउँपालिकामा रहेको शिक्षा, युवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(त)“शैक्षिक गुठी” भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ ।

(थ) “शिक्षक छनौट समिति” भन्नाले दफा २४ को उपदफा १ बमोजिमको शिक्षक छनौट समिति सम्झनुपर्छ ।

(द) “पदपूर्ति समिति” भन्नाले दफा २४ को उपदफा २ बमोजिमको पदपूर्ति समिति सम्झनुपर्छ ।

(ध)“शिक्षक” भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ सो शब्दले प्रधानाध्यापकसमेतलाई जनाउँछ ।

(न) “बालविकास शिक्षक” भन्नाले प्रारम्भिक बालविकास केन्द्रको शिक्षकलाई सम्झनुपर्छ ।

## परिच्छेद-२

शिक्षाको प्रकार, विद्यालयको वर्गीकरण, अनुमती, स्वीकृती, समायोजन तथा नियमन

**३. विद्यालयको तह २ प्रकारका हुनेछनः**

(क) माध्यमिक तहः कक्षा १२ सम्म अध्यापन हुने

सरावल गाउँपालिका

(ख) आधारभूत तहः कक्षा ८ सम्म अध्ययन अध्यापन हुनेछ, आधारभूत तह भित्र कक्षा ५ सम्म अध्यापन हुने विद्यालयलाई प्राथमिक तह र प्रारम्भिक बालविकास केन्द्र अन्तर्गत बालबालिका हेरचाह केन्द्र, मन्टेश्वरी, किन्डर गार्टनहरु रहनेछन् ।

**४. माध्यमिक शिक्षाको प्रकारः** माध्यमिक तहको शिक्षामा देहायका प्रकारका हुनेछन्ः–

(क) साधारण माध्यमिक शिक्षा

(ख) संस्कृत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा ।

**५. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः-

(क) आधारभूत (कक्षा ५) सम्म मातृ भाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

**६. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः**

गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ ।

**७. विद्यालयको वर्गीकरणः विद्यालयको सम्पत्ति र स्रोत साधन लगानीका आधारमा निम्नानुसार वर्गीकरण गरिनेछः**

(क) सामुदायिक विद्यालय

(ख) संस्थागत विद्यालय

(ग) धार्मिक विद्यालय

**८. विद्यालय सञ्चालन गर्न अनुमति लिनुपर्नेः**

(१) कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय, धार्मिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा समितिको सिफारिस सहित गाउँ कार्यपालिकाको कार्यालयमा अनुमतिको लागि निवेदन दिनु पर्नेछ ।

सरावल गाउँपालिका

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर शिक्षा शाखाबाट आवश्यक जाँचबुझ गर्दा निर्धारित मापदण्ड पुरा भई विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा गाउँ शिक्षा समितिको सिफरिसमा गाउँ कार्यपालिकाको कार्यालयले अनुमति दिनेछ ।

(३) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालनका लागि गाउँ कार्यपालिकाको कार्यालयमा निवेदन दिन सक्नेछ ।

(४) उपदफा (३) बमोजिम निवेदन परेमा शिक्षा, युवा तथा खेलकुद शाखाले सो निवेदन उपर १५ दिन भित्र आवश्यक जाँचबुझ गरी गाउँ शिक्षा समितिमा राय सहित प्रतिवेदन पेश गर्ने छ र माग बमोजिम विद्यालय सञ्चालन गर्न गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले पुनः अनुमति तथा स्वीकृति दिनेछ ।

(५) प्राविधिक शिक्षा तथा ब्यवसायीक तालिम परिषदद्वारा तर्जुमा गरिएको प्राविधिक तथा ब्यवसायीक माध्यमिक शिक्षा (टि–एसइइ) सञ्चालनका लागि कुनै सामुदायिक माध्यमिक विद्यालयले आवेदन गरेमा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले अनुमति प्रदान गर्न सक्नेछ । तर अनुमति दिनु अघि परिषदद्वारा तोकिएको मापदण्ड जाँचबुझ र एकिन गर्ने कार्य गाउँ शिक्षा समितिले गर्नुपर्ने छ ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भएतापनि देहायका विद्यालयलाई शैक्षिक गुठीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइनेछैन ।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय ।

(ख) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाईसञ्चालन भएको विद्यालय ।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने ।

(ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने ।

(ग) शैक्षिक गुठीको आय व्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखापरीक्षण गराएको हुनुपर्ने ।

(घ) शैक्षिक गुठीको तत्काल कायम रहेका ट्रष्टीले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कामगर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ । तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा गाउँ कार्यपालिकाको स्वीकृति लिनु पर्नेछ ।

सरावल गाउँपालिका

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा गाउँ कार्यपालिकाको कार्यालयमा आवेदन दिनु पर्ने छ । गाउँ कार्यपालिकाबाट सो को स्वीकृति लिई शैक्षिक गुठी अन्तर्गत विद्यालय स्थापना र सञ्चालन गर्न सक्नेछ ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछन् ।

(१०) माथिल्ला उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृतिदिइने छैन ।

(११) यस अघि दर्ता भएका विद्यालय सम्वन्धि व्यवस्थाः- (१) माथि जेसुकै उल्लेख भए पनि यस अघि नियमानुसार दर्ता र सञ्चालनमा रहेका विद्यालयहरु यसै ऐन वमोजिम सञ्चालन भएका मानिनेछन् । तर यस अघि सञ्चालनमा भएका विद्यालयले शिक्षा शाखाले तोकेको ढाँचामा विवरण र कागजपत्र पेश गर्नु पर्नेछ ।

**९. धरौटी राख्नु पर्नेः संस्थागत विद्यालय खोल्ने अनुमति लिंदा विद्यालय सञ्चालनको सुरक्षण बापत देहाय बमोजिमको रकम धरौटीको रूपमा राख्नु पर्नेछः**

(क) माध्यमिक विद्यालयको लागि पाँच लाख रूपैयाँ,

(ख) आधारभूत विद्यालयको लागि दुई लाख पचास हजार रूपैयाँ,

(ग) प्राथमिक विद्यालयको लागि एक लाख पचास हजार रूपैयाँ

तर, बिशेष आवश्यकता भएका विद्यार्थीका लागि वा सिमान्तकृत वा अति विकट भौगिलिक क्षेत्रमा यस्तो विद्यालय खोल्दा कार्यापालिकाले धरौटी छुट दिन सक्नेछ ।

**१०. धरौटी रकम जम्मा गरिनेः** (१) विद्यालयले दफा ९ बमोजिमको धरौटी बापतको रकम कार्यपालिकाको धरौटी खातामा जम्मा गर्नपर्नेछ ।

**११.** सार्वजनिक शैक्षिक गुठी तथा नेपाल सरकारले अनुदान दिने निजामती, सैनिक, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल र शहीद प्रतिष्ठानद्वारा सञ्चालित विद्यालयहरुले समेत पाठ्यक्रम, परीक्षा, अनुगमन संयन्त्र र शैक्षिक क्यालेन्डर यसै ऐन वमोजिम पालना गर्नुपर्ने छ ।

**१२.** गाउँ कार्यपालिकाले कुनै विद्यालयसँग मिसाएर वा छुट्टै बाल शिक्षा केन्द्रको स्थापना र सञ्चालन गर्न र थप व्यवस्था गर्न सक्नेछ ।

**१३.** बाल गृहको संचालनः गाउँ कार्यपालिका आफैंले वा कुनै व्यक्ति वा संस्थाले वाल गृह सञ्चालन गर्न पाउनेछ । बाल गृह सञ्चालनको लागि आवश्यक प्रकृया गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

सरावल गाउँपालिका

**१४.** सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेः गाउँ कार्यपालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ । यस्तो केन्द्रमा सामुदायिक पुस्तकालय र वाचनालय सञ्चालन हुन सक्नेछ ।

**१५. गाउँ कार्यपालिकाले विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः**

(१) गाउँ कार्यपालिकाले तोकिएको मापदण्ड बमोजिम हाल सञ्चालन भइरहेका ३० मिनेटको पैदल दूरीमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालय बन्द गर्न सक्नेछ । प्राथमिक तहको विद्यालयमा कुल ३० जना भन्दा कम विद्यार्थी भएमा गाउँ शिक्षा समितिको सिफारिसमा बाल शिक्षा केन्द्र मात्र कायम राखी त्यस माथिका कक्षाहरु वन्द गर्न सक्ने छ ।

(२) विद्यालयको नाम परिवर्तन गर्नुपरेमा नाम परिवर्तन गर्नुपर्ने उपयुक्त कारण सहित तोकिएको विवरण र ढाँचामा गाउँ शिक्षा समिति मार्फत गाउँ कार्यपालिकामा स्वीकृतीका लागि पेश गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश हुने आएको निवेदन उपर गाउँ शिक्षा समितिको सिफारिसमा गाउँपालिकाले नाम परिवर्तनको स्वीकृती दिन सक्नेछ ।

(४) विद्यालयको नाम राख्दा वा परिवर्तन गर्दा कुनै व्यक्ति विशेषको नाम, धार्मिक तथा जातिगत विद्वेष झल्किने प्रकारको नाम राख्न पाइने छैन । माध्यमिक तहको हकमा कम्तिमा ५०,००,०००।– (पचास लाख रुपैया मात्र), आधारभूत तहको हकमा कम्तिमा ३०,००,०००। (तिस लाख रुपैया मात्र) रुपैया प्रदान गरेमा व्यक्तिको नाममा विद्यालयको नाम परिवर्तन गर्न बाधा पुगेको मानिने छैन ।

## परिच्छेद -३

शिक्षा सम्बन्धी संरचनागत सम्बन्धी व्यवस्थाः

**१६. गाउँ शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालय तथा शैक्षिक निकायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय बमोजिमको गाउँ शिक्षा समिति रहनेछः-

(क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको कार्यपालिकाको सदस्य - अध्यक्ष

(ख) गाउँपालकिाको शिक्षा हेर्ने विषयगत समितिका संयोजक - सदस्य

(ग) गाउँ कार्यपालिकाका सदस्यहरु मध्येबाट कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य

सरावल गाउँपालिका

(घ) प्रमुख प्रशसकीय अधिकृत - सदस्य

(ङ) सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँ शिक्षा समितिबाट मनोनित एक जना प्रधानध्यापक - सदस्य

(च) संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येबाट गाउँपालिका अध्यक्षबाट मनोनित एक जना प्रधानध्यापक - सदस्य

(छ) समाजसेवी, शिक्षा प्रेमी, वा गाउँ कार्यपालिकाको शिक्षा क्षेत्रमा विशेष योगदान पुर्याएको मध्येबाट गाउँकार्यपालिकाबाट मनोनित कम्तीमा एकजना महिला सहित दुई जना - सदस्य

(ज) सरावल गाउँपालिकाको नेपाल शिक्षक महासंघको अध्यक्ष - सदस्य

(झ) शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा प्रमुख वा शाखा अधिकृत - सदस्य-सचिव

(२) समितिको बैंठक सञ्चालन प्रकृया, बैठक भत्ता तथा सेवा सुविधा गाउँ कार्यपालिकाबाट तोकिए बमोजिम हुनेछ ।

(३) उपदफा (१) अनुसार मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ । मनोनित सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा मनोनित गर्ने पदाधिकारी वा निकायले जुनसुकै बखत हटाउन सक्नेछ । तर त्यसरी हटाउन अघि मनासीब माफिकको स्पष्टिकरणको मौकाबाट वञ्चित गरिने छैन ।

(४) गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछः

(क) आफ्नो कार्यक्षेत्र भित्रको शैक्षिक योजना तयार गर्ने ।

(ख) गाउँपालिका क्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने सम्बन्धी गाउँ कार्यपालिकालाई आवश्यक राय प्रदान गर्ने ।

(ग) विद्यालयहरुलाई आर्थिक अनुदान सम्वन्धी आवश्यक स्रोतको खोजी गर्ने ।

(घ) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखा परीक्षकको नियुक्ति र पारीश्रमिक तोक्ने ।

(च) गाउँपालिका क्षेत्र भित्र स्थापना भएका आफ्नो स्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षकका सेवा, सुविधा र शर्तहरु स्वीकृत गर्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्क निर्देशन दिने, जागरुक र सजग वनाउने ।

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचकहरु विकास गर्ने र प्रगति मुल्याङ्कन गर्ने

(ट) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरु निर्धारण गर्ने ।

सरावल गाउँपालिका

(ठ) शैक्षिक संस्था र शिक्षासंग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आवश्यक प्रोत्साहन, नसिहत, दण्ड, कारवाही गर्ने गराउने ।

(ड) विशेषज्ञहरुको छनौट गरेर सूची प्रकाशन गर्ने ।

(ढ) संस्थागत विद्यालय सञ्चालनको मापदण्ड बनाउने, सञ्चालनको स्वीकृती र अनुमतीको लागि गाउँ कार्यपालिकालाई आवश्यक राय सुझाव प्रदान गर्ने ।

(ण) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्ने, नीति तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(त) सामुदायिक सिकाई केन्द्र स्थापना र सञ्चालन सम्बन्धी नीति तर्जुमा गर्ने ।

(थ) आवश्यकता अनुसार दिवा खाजा व्यवस्थापन गर्ने ।

(द) विद्यालय बाहिर रहेका बालबालिका पहिचान गरी सबैका लागि शिक्षा सुनिश्चित हुने प्रबन्ध गर्ने ।

(ध) विद्यालयमा पठनपाठनको अधिकतम प्रबन्ध हुने गरी शैक्षिक क्यालेण्डर बनाई लागू गर्ने, गराउने ।

(न) शिक्षक तालिम नीति तर्जुमा गरी लागु गर्ने ।

(प) गाउँ कार्यपालिकालाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(फ) शैक्षिक सूचना प्रणाली स्थापना गरी सबै विद्यार्थी, शिक्षक र शिक्षासँग सम्बन्धित तथ्याङ्कहरु राख्ने ।

(ब) शिक्षामा सवै बालबालिकाको पहुँच, गुणस्तरमा सुधार र संरक्षणका पक्षहरुलाई ग्यारेण्टी गर्न आवश्यक नीति, नियम तथा कार्यक्रमहरु सञ्चालन गर्ने ।

(भ) शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान गर्ने र पालिका भित्र शिक्षक सरुवा गर्ने तथा पालिका बाहिरबाट शिक्षकलाई सरुवा भई आउन वा सरुवा भई अन्य पालिकामा जानको लागि सहमति प्रदान गर्ने ।

(म) तोकिए वमोजिमका अन्य कार्यहरु गर्ने ।

१७. गाउँपालिका अन्तर्गतका शिक्षा सम्वन्धी कार्यक्रम व्यवस्थापन गर्न र शैक्षिक प्रशासन सञ्चालन गर्न १ जना शिक्षा अधिकृत रहने छन् । निजको काम कर्तव्य र अधिकार निम्नानुसार हुनेछः

(१) गाउँ स्तरीय शिक्षा योजना तर्जुमा गरी गाउँ कार्यपालिकामा पेश गर्ने ।

(२) गाउँपालिका तथा गाउँ शिक्षा समितिबाट शिक्षा तथा शैक्षिक विकासका लागि पारित नीति तथा कार्यक्रमको कार्यान्वयन गर्ने तथा प्राप्त निर्देशन पालना गर्ने ।

(३) विद्यालय तथा शैक्षिक निकायहरुको अनुगमन तथा सुपरिवेक्षण गर्ने, गराउने ।

(४) गाउँ कार्यपालिका, गाउँ शिक्षा समिति र प्रमुख प्रशासकीय अधिकृतलाई शैक्षिक विकासका लागि आवश्यक सुझाव तथा परामर्श दिने ।

(५) शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने ।
(६) गाउँ शिक्षा समितिको सदस्य सचिवको भूमिकामा निर्वाह गर्ने ।
(७) शिक्षा अधिकृतको अन्य काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

**१८. वडा शिक्षा समिति सम्बन्धी व्यवस्थाः**

(१) वडा स्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन गर्न सकिने छः

(क) सम्बन्धित वडाको वडाध्यक्ष - संयोजक
(ख) वडा समितिका सदस्यहरु मध्ये वडा समितिले तोकेको कम्तिमा एक जना महिला सहित दुईजना - सदस्य
(ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्ये वडा समितिले तोकेको एक जना - सदस्य
(घ) माध्यमिक तह र आधारभूत तहका विद्यालयका प्रधानाध्यापक मध्येबाट गाउँ शिक्षा समितिले तोकेको दुई जना - सदस्य
(ङ) सम्बन्धित वडाका वडा सचिव - सदस्य-सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो वडाको शैक्षिक योजना तयार गर्ने ।
(ख) आफ्नो क्षेत्र भित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।
(ग) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने, जागरुक र सजग वनाउने ।
(घ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने गराउने ।
(ङ) अभिभावक र शिक्षक बीच विवाद भएमा त्यसको समाधान गर्ने ।
(च) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।
(छ) विद्यालय गाभ्ने, सार्ने नाम परिवर्तन गर्ने, तह थप गर्न गाउँ शिक्षा समितिमा सिफारिस गर्ने ।
(ज) वडाको शैक्षिक अभिबृद्धिका लागि आवश्यक कार्यहरु गर्ने ।
(झ) वडा शिक्षा समितिले आफ्नो बैठक सञ्चालन तथा कार्यविधि आफैले निर्धारण गर्नेछ ।
(ञ) प्रारम्भिक बालविकास केन्द्र सञ्चालन गर्न अनुमती प्रदान गर्ने ।
(ट) गाउँ शिक्षा समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

**१९. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

सरावल गाउँपालिका

(क) विद्यालय व्यवस्थापन समितिका सदस्यहरूले (ख), (ग) र (घ) बमोजिमका सदस्य मध्येबाट छानेको व्यक्ति –अध्यक्ष

(ख) अभिभावकले आफूहरुमध्येबाट छानी पठाएका कम्तीमा दुईजना महिला सहित चारजना - सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाता व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनीत गरेको एकजना महिला सहित दुईजना – सदस्य

(घ) सम्बन्धित वडाको वडाध्यक्ष वा नीजले तोकेको वडा समिति सदस्य - सदस्य

(ङ) शिक्षकहरु मध्येबाट आफूले छानी पठाएको शिक्षक प्रतिनिधि - एक जना

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

पुनश्चः बालक्लवहरुको तर्फबाट १ जना छात्र वा छात्रालाई आमन्त्रित सदस्यको रुपमा अनिवार्य सहभागिता गराउनु पर्नेछ ।

(२) माथि जुनसुकै कुरा लेखिएको भएतापनि वि.व्य.स.को म्याद सकिएको ४५ दिनभित्र वि.व्य.स. गठन गर्न नसकेको खण्डमा गाउँ शिक्षा समितिले उपदफा १ (ख) बमोजिमका ४ जना सदस्य मनोनित गरी वि.व्य.स. गठन प्रकृया अगाडी बढाउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा गाउँ शिक्षा समितिले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ । तर त्यसरी पदबाट हटाउनु अघि वा समिति विघटन गर्नु अघि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(४) विद्यालयलाई शान्ति क्षेत्र र वालमैत्री विद्यालयको रुपमा विकास गर्न तोकिएको सूचकहरु पुरा गर्न आवश्यक कार्य गर्नु व्यवस्थापन समितिको दायित्व हुने छ ।

५) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने ।

सरावल गाउँपालिका

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने ।

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी गाउँ कार्यपालिकालाई दिने ।

(ङ) विद्यालयमा शिक्षक, कर्मचारी र विद्यार्थीको पोशाकको कार्यान्वयन गर्ने ।

(च) स्वीकृत दरवन्दी अनुसारका शिक्षकहरुको खोजी गरी काममा लगाउने तथा गाउँ कार्यपालिकाबाट स्वीकृत दवन्दीमा कर्मचारीको व्यवस्थापन गर्ने ।

(छ)गाउँ शिक्षा समितिबाट तोकिएको रजिष्टर्ड लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखापरीक्षण गराउने।

(ज) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन गाउँ शिक्षा समितिमा पेश गर्ने ।

(झ) तोकिए बमोजिमका क्षेत्रसँग सम्बन्धित गाउँपालिका र गाउँ शिक्षा समितिले दिएको निर्देशनहरूको पालना गर्ने ।

(ञ) प्रचलित कानुन र नियम पालना नगर्ने शिक्षक कर्मचारीलाई विभागीय कारवाहीका लागि सिफारिस गर्ने ।

(ट) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्त गरेका शिक्षकको लागि सेवा, शर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारीश्रमिक तथा सुविधाको व्यवस्था गर्ने;

(ठ) विद्यालय शिक्षा एकै समयमा सञ्चालन गर्ने प्रबन्ध मिलाउने ।

(ड) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

(६) विद्यालय व्यवस्थापन समितिले आफ्नो कार्यविधि आफैं बनाउन सक्ने छ ।

गाउँ शिक्षा समितिले आवश्यक देखेमा गाउँ कार्यपालिकाको सहमतिमा एकभन्दा बढी विद्यालयहरुको संयुक्त विद्यालय व्यवस्थापन समिति गठन गरी व्यवस्थापन गर्न सक्ने छ ।

**२०. शिक्षक अविभावक संघः**

सबै विद्यालयमा शिक्षक र अविभावकहरु रहेका एक शिक्षक अविभावक संघ रहनेछ । यस सम्बन्धी कार्यविधि गाउँ शिक्षा समितिले तय गरे बमोजिम हुनेछ ।

सामुदायिक विद्यालयको सम्पूर्ण गतिविधिहरुको अनुगमन तथा रेखदेख गर्नको लागि प्रत्येक विद्यालयमा देहाय बमोजिमको शिक्षक अभिभावक संघको कार्यकारी समिति रहनेछ ।

(क) अभिभावकहरुले आफूमध्येबाट छानी पठाएको एक जना-अध्यक्ष

(ख) अभिभावकहरुले आफूमध्येबाट छानी पठाएको कम्तिमा १ जना दलित वा अल्पसंख्यक र कम्तिमा दुई जना महिला सहित पाँच जना - सदस्य

सरावल गाउँपालिका

(ग) विद्यालयको संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाताहरु मध्येबाट शिक्षक अभिभावक संघको कार्यकारी समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(घ) विद्यालयको प्रधानाध्यापक - सदस्य

(ङ) वि.व्य.स.को अध्यक्ष - सदस्य

(च) शिक्षकहरुले आफूमध्येबाट छानी पठाएको एक जना शिक्षक - सदस्य-सचिव

## परिच्छेद-४

विद्यालय तहको शिक्षक तथा कर्मचारीको दरबन्दी, सेवाशर्त र योग्यता

**२१. गाउँ कार्यपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्नेः**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका सामुदायिक विद्यालयहरुमा आवश्यक पर्ने शिक्षकहरुको दरबन्दी निर्धारण गाउँ कार्यपालिकाले गर्नेछ ।

(२) गाउँ कार्यपालिकाले शिक्षकको दरबन्दी निर्धारण गर्दा प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा राष्ट्रिय वा प्रादेशिक मापदण्ड बमोजिम विद्यार्थी तथा शिक्षक अनुपात कायम गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमका दरबन्दीमा नियुक्ति भएका शिक्षकको व्यक्तिगत फाइल खडा गरी गाउँ कार्यपालिकाले राख्नु पर्नेछ ।

**२२. शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता**

शिक्षकको सेवा शर्त, योग्यता र सक्षमता तोकिए बमोजिम हुनेछ ।

**२३. शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः**

(१) देहायका अवस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालय व्यवस्थापन समितिले पदबाट हटाउन गाउँपालिकामा सिफारिस गर्नेछः-

(क) बिना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनीतिक दलको सदस्य रहेको पाइएमा,

(छ) निजले अध्यापन गरेको विषयमा तीन बर्षको औषत शैक्षिक उपलब्धी ४० प्रतिशत भन्दा कम भएमा

सरावल गाउँपालिका

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने एथेष्ट प्रमाण प्राप्त भएमा गाउँपालिकाले निजलाई पदबाट हटाउन सक्नेछ । तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ ।

**परिच्छेद-५**

शिक्षक तथा विद्यालय कर्मचारीको नियुक्ति, सरुवा, बढुवा, तालिम

**२४. शिक्षकको नियुक्ति**

(१) <u>शिक्षक छनौट समितिः</u> विद्यालयमा कायम भएको रिक्त दरबन्दी शिक्षक पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको शक्षक छनौट समितिबाट हुनेछः

(क) सम्बन्धीत विद्यालयको विद्यालय व्यवस्थापन समितिको अध्यक्ष - अध्यक्ष

(ख) सूचीकृत बिषयगत विज्ञहरु मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ दुई जना - सदस्य

(ग) गाउँपालिकाको शिक्षा शाखा अधिकृत वा गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको शाखा अधिकृत एकजना- सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) पदपूर्ति समितिः गाउँपालिका अन्तर्गतका दुई वा दुई भन्दा बढी विद्यालयमा कायम भएको समान तहका रिक्त दरबन्दीमा शिक्षक, बालबिकास शिक्षक, विद्यालय सहयोगी, विद्यालय कर्मचारी पदमा करार नियुक्तिको व्यवस्था देहाय वमोजिमको पदपूर्ति समितिबाट हुनेछः

(क) प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

(ख) गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको गाउँ शिक्षा समितिको सदस्य एकजना - सदस्य

(ग) सूचीकृत बिषयगत विज्ञहरु मध्येबाट गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको विषय विज्ञ दुई जना - सदस्य

(घ) गाउँपालिकाको शिक्षा शाखा अधिकृत वा गाउँ शिक्षा समितिको अध्यक्षले तोकेको शाखा अधिकृत एकजना — सदस्य-सचिव

(३) शिक्षक छनौट समिति तथा पदपूर्ति समितिको कार्यविधि गाउँ शिक्षा समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**२५. प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः**

सरावल गाउँपालिका

(१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहनेछ ।

(२) प्रधानाध्यापकको नियुक्ति व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि माध्यमिक तहको प्रधानाध्यापकको हकमा स्नातकोत्तर तह वा सो सरह, आधारभूत तह (कक्षा १–८) को प्रधानाध्यापकको हकमा स्नातक तह वा सो सरह र आधारभूत तह (कक्षा १–५) को प्रधानाध्यापकको हकमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उपाधि प्राप्त गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट नियमानुसार छनौट प्रक्रिया पूरा गरी प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ । तर कुनै तहको लागि न्युनतम योगयता हासिल गरी सोही तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक सो तहको प्रधानाध्यापक पदमा उम्मेदवार हुन पाउनेछ ।

(ख) कुनै विद्यालयमा उपदफा २(क) बमोजिमको प्रधानाध्यापकको उम्मेदवार हुन शिक्षक दरबन्दी नभएको अवस्थामा दरबन्दी मिलान गरी सो विद्यालयमा गाउँ शिक्षा समितिले गाउँपालिका क्षेत्र भित्र अन्य विद्यालयमा सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरुमध्येबाट नियमानुसार प्रधानाध्यापक पदमा नियुक्ति गर्नेछ । दरबन्दी मिलान दफा २७ बमोजिम हुनेछ ।

(ग) प्रधानाध्यापकको पदावधि पाँच बर्षको हुनेछ । निज पूनः सो पदमा नियुक्त हुन सक्नेछन् ।

(घ) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा शिक्षा युवा तथा खेलकुद शाखाले दिएको प्रतिवेदन र विद्यालय व्यवस्थापन समितिको सफािरसबाट देखिएमा गाउँ शिक्षा समितिले निजलाई प्रधानाध्यापकको पदबाट हटाउन सक्नेछ तर एक पटक स्पष्टिकरणको मौका दिइनेछ ।

(ङ) सामुदायिक विद्यालयका प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत बरिष्टतम स्थायी शिक्षकलाई एक महिनासम्मको लागि प्रधानाध्यापकले र सो भन्दा बढी बढीमा छ महिनाको लागि विद्यालय व्यवस्थापन समितिले निमित्त प्रधानाध्यापक पदमा नियुक्त गर्न सक्नेछ । यसरी विद्यालय व्यवस्थापन समितिले नियुक्त गरेको निमित्त प्रधानाध्यापकको नाममा बैंक खाता सञ्चालन हुनेछ ।

सरावल गाउँपालिका

(च) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि तोकिएको शैक्षिक योग्यता पूरा गरी यो ऐन प्रारम्भ हुँदाका बखत कार्यरत प्रधानाध्यापकले विद्यालय व्यवस्थापन समितिमा पेश गरेको विद्यालय विकास प्रस्ताव स्वीकृत भएमा निज नियुक्ति हुँदाका बखत तोकिएको शर्तको अधिनमा रही उपदफा २(ग) बमोजिमको अवधिसम्म प्रधानाध्यपक पद कायमै रहनेछ ।

(छ) सामुदायिक विद्यालयको प्रधानाध्यापकले देहाय बमोजिम मासिक भत्ता पाउनेछः-

(अ) माध्यमिक विद्यालयको प्रधानाध्यापकले संघीय अनुदानबाट पाउँदै गरेको पाँच सय रुपैयाँमा गाउँपालकिाको स्रोतबाट एक हजार पाँच सय रुपैयाँ थप गरी जम्मा दुई हजार रुपैयाँ

(आ) कक्षा ८ सम्म चलेको आधारभूत विद्यालयको प्रधानाध्यापकले संघीय अनुदानबाट पाउँदै गरेको तीन सय रुपैयाँमा गाउँपालकिाको स्रोतबाट एक हजार दुई सय रुपैयाँ थप गरी जम्मा एक हजार पाँच सय रुपैयाँ

(इ) कक्षा ५ सम्म चलेको आधारभूत विद्यालयको प्रधानाध्यापकले संघीय अनुदानबाट पाउँदै गरेको दुई सय रुपैयाँमा गाउँपालकिाको स्रोतबाट एक हजार रुपैयाँ थप गरी जम्मा एक हजार दुई सय रुपैयाँ

३. प्रधानाध्यपकको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने,

(ख) विद्यालयमा शिक्षक तथा कर्मचारीहरुसंग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सचरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्ने,

(घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाइ, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गर्ने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण कामकारवाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षकले जानीजानी वा लापरवाहीसाथ कुनै काम गर्नाले विद्यालयलाई हानी-नोक्सानी पर्न गएमा त्यस्तो हानी-नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

सरावल गाउँपालिका

(ट) विद्यालयले आफ्नै स्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको निर्णय बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक तथा कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख शिक्षा, युवा तथा खेलकुद शाखाका शाखा अधिकृत वा शाखा प्रमुखले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा, युवा तथा खेलकुद शाखा तथा विद्यालय व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा, युवा तथा खेलकुद शाखामा सिफारिस गर्ने,

(ण) महिनामा कम्तीमा एकपटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(त) विद्यालयको आन्तरिक स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(थ) विद्यालय भवन तथा छात्राबासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने,

(द) विद्यालयको वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने,

(ध) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासकि, अर्ध–वार्षिक तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने ।

(न) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने,

(प) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्काशन गर्ने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक र स्थानीय तहबाट स्वीकृत स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने ।

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढंगबाट सञ्चालन गर्ने गराउने ।

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशतभन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

सरावल गाउँपालिका

(य) विद्यालयमा दैनिक रुपमा मन्त्रालयले तोकेबमोजिम कक्षा लिने तथा लिन लगाउने,

(र) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियुक्ति पाई कार्यरत रहेका शिक्षकको तलबी प्रतिवेदन पारित गर्न शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने,

(ल) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तथा अधिकार तोक्ने,

(व) शिक्षा, युवा तथा खेलकुद शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालना गर्ने गराउने,

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा (IEMIS) भरी समय भित्र केन्द्रमा पठाउने,

(ष) स्थायी शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फारमको सुपरीवेक्षण गरी समयभित्र शिक्षा, युवा तथा खेलकुद शाखामा पठाउने,

(स) अस्थायी शिक्षक तथा कर्मचारी र विद्यालयको आन्तरिकस्रोतबाट नियुक्त भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन फारम भरी व्यवस्थापन समितिमा पेश गर्ने ।

(ह) प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि प्रधानाध्यापकले शिक्षा, युवा तथा खेलकुद शाखासंग कार्यसम्पादन करार गरेबमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको प्रत्याभुति दिलाउनुपर्ने ।

(क्ष) गुणस्तरीय शिक्षाका लागि प्रधानाध्यापकले शिक्षा, युवा तथा खेलकुद शाखाको निर्देशन पालना गराउन तथा अपेक्षित शैक्षिक उपलब्धीकालागि शिक्षक र कर्मचारीहरुसंग कार्यसम्पादन करार गर्नुपर्ने ।

(त्र) विद्यालयको प्राज्ञिक नेतृत्व गर्ने र प्रवर्द्धनात्मक कार्यगर्ने ।

४. सहायक प्रधानाध्यपकको व्यवस्थाः

प्रधानाध्यापकलाई सहयोग पुऱ्याउन तथा तोकिएको अन्य कार्य गर्न विद्यालयमा कार्यरत बरिष्ट शिक्षकलाई विद्यालय व्यवस्थापन समितिले सहायक प्रधानाध्यापक पदमा नियुक्त गर्नेछ ।

५. सहायक प्रधानाध्यपकको काम कर्तव्य र अधिकार व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

**२६. शिक्षक सरुवा तथा काज सम्बन्धी व्यवस्थाः**

(१) शिक्षक सरुवा गर्दा शिक्षकको तह र अध्यापन गर्ने विषय मिलाउनु पर्नेछ ।

(२) आवश्यकता बमोजिम गाउँ शिक्षा समितिको निर्णय अनुसार शिक्षकलाई काज सरुवा गर्न सकिनेछ ।

सरावल गाउँपालिका

(३) साधारणतया अपाङ्गता भएका शिक्षक र महिलालाई पायक पर्ने स्थानमा सरुवा गरिने छ ।

(४) सरुवा भएको एकहप्ता भित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई रमाना पत्र दिइ सोको जानकारी सम्बन्धित विद्यालय र शिक्षा, युवा तथा खेलकुद शाखामा जानकारी गराउनु पर्नेछ ।

(५) स्थानीय दरबन्दीमा रहेका शिक्षक राहत, करार, अनुदान बीच आ-आफ्नो सुविधा नघटने गरी सरुवा तथा काज सरुवा गर्न सकिनेछ ।

(६) विद्यालयका शिक्षकहरुको जिम्मेवारी सहित शिक्षकहरुलाई एक विद्यालयबाट अर्को विद्यालयमा सरुवा गर्न सकिनेछ ।

(७) माथि जे सुकै लेखिएको भएतापनि गाउँपालिका भित्रको शैक्षिक व्यवस्थापन एवम् गुणस्तर सुधार गर्न शिक्षक दरबन्दी मिलान र शिक्षक विद्यार्थी अनुपात मिलान गर्ने क्रममा आवश्यक पुष्टयाँइ र तथ्यका आधारमा कार्यालयले गाउँ शिक्षा समितिको निर्णय अनुसार जुनसुकै बखत शिक्षक तथा प्रधानाध्यापकलाई एक विद्यालयबाट अर्को विद्यालयमा काज सरुवा गर्न सकिनेछ ।

(८) शिक्षक सरुवा तथा काजको अन्य मापदण्ड कार्यपालिकाले तोकेबमोजिम हुनेछ ।

(९) यस ऐन बमोजिम सरुवा भएका शिक्षकहरु प्रचलित कानूनले तोकेको समयभित्र सरुवा भएको विद्यालयमा अनिवार्य रुपमा हाजिर हुनु पर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई सरुवा भई सकेको विद्यालयले हाजिर गराउन बाध्य हुनेछैन ।

(१०) दरबन्दी सहित वा यस ऐन बमोजिम सरुवा भई आएका शिक्षकलाई विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनु पर्नेछ । हाजिर नगराएमा विद्यालयको दरबन्दी सहित अन्य विद्यालयमा पठाउन सकिनेछ ।

(११) यस ऐन बमोजिम दरबन्दी पूनर्वितरण तथा शिक्षक व्यवस्थापनको कार्यबाट सरुवा भई आएका शिक्षकलाई विद्यालयमा हाजिर गराउने तथा सरुवा भई जाने शिक्षकलाई रमाना दिने जिम्मेवारी सम्बन्धित विद्यालयको प्रधानाध्यापकको हुनेछ ।

सरावल गाउँपालिका

**२७. शिक्षक दरबन्दी मिलानका अधारहरुः**

(१) सामान्यतया शिक्षकको दरबन्दी मिलान शैक्षिक सत्रको सुरुमा गरिनेछ तर पहिलो पटकका लागि यो नियम बाध्यकारी हुने छैन ।

(२) शैक्षिक सत्रको अन्तिम परीक्षामा सम्मिलित विद्यार्थी संख्याको आधारमा लिइनेछ ।

(३) विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी, करार, राहत तथा गाउँपालिका अनुदान शिक्षकहरुको संख्यालाई आधार लिई गणना गरिनेछ ।

(४) सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुलाई विद्यालयहरुमा व्यवस्थापन गर्न सकिनेछ ।

(५) शिक्षक व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या न्यून हुने गरी मिलान गरिने छ ।

(६) विद्यार्थी संख्या कम र शिक्षक संख्या बढी भई कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् रिक्त हुन आउनु कुनै पनि तहको दरबन्दीमा पदपूर्ति एवम् सरुवा गरी ल्याउने कार्य गर्नुपर्ने विद्यालयमा मिलान तथा समायोजन गर्नु पर्नेछ ।

(७) सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा साविकमा रहेका प्राथमिक तह (कक्षा १-५), निम्न माध्यमिक तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) लाई आधारका रुपमा लिइनेछ ।

(८) प्राथमिक तहको दरबन्दी बचत भएको र निम्न माध्यमिक तह तथा माध्यमिक तहको दरबन्दी अपुग भएकाले आवश्यक संख्यामा दरबन्दी स्वीकृत हुन नसक्दा सम्म नपुग हुने दरबन्दी हाल प्राथमिक तहमा बढी हुन आउने दरबन्दीबाट पूर्ति गरिनेछ ।

(९) गाउँपालिका भित्र रहेका तहगत विद्यार्थी संख्या र शिक्षक संख्याको अनुपात निकाली दरबन्दी मिलान गरिनेछ ।

(१०) सामुदायिक विद्यालयमा दरबन्दी मिलान कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरबन्दीमा काज सरुवा तथा पदपूर्ति गरिनेछ ।

(११) कक्षा १ देखि ५ सम्म सञ्चालन भएका विद्यालयमा स्थायी दरबन्दी नभएमा अन्य करार, राहत र अनुदान दरबन्दीसँग साटासाट गरी कम्तिमा एउटा प्रा.वि. तहको स्थायी दरबन्दीको व्यवस्था गरिने छ ।

(१२) कक्षा ६ देखि ८ सम्म सञ्चालन भएका विद्यालयमा निम्न माध्यमिक तहको स्थायी दरबन्दी नभएमा अन्य विद्यालयबाट करार, राहत र अनुदान दरबन्दीसँग साटासाट गरी एउटा निम्न माध्यमिक तहका स्थायी दरबन्दीको व्यवस्था गरिने छ ।

(१३) कक्षा ९ देखि १० सम्म सञ्चालित विद्यालयमा माध्यमिक तहको स्थायी दरबन्दी नभएमा अन्य विद्यालयबाट करार, राहत र अनुदान दरबन्दीसँग साटासाट गरी कम्तिमा एउटा माध्यमिक तहका स्थायी दरबन्दीको व्यवस्था गरिने छ ।

(१४) दरबन्दी मिलानका क्रममा तह अनुसार स्थायी शिक्षकको व्यवस्था हुन नसकेमा तह अनुसारको शैक्षिक योग्यता पुगेका शिक्षकहरुको व्यवस्थापन गर्न सकिनेछ ।

**२८.** शिक्षकको बढुवा सम्बन्धी व्यवस्थाः हाल स्थायी रुपमा सेवारत शिक्षकको बढुवा सम्बन्धी व्यवस्था नेपाल सरकारबाट लागू भएको संघीय कानुन बमोजिम हुनेछ । स्थानीय तहबाट नियुक्ती पाएका करार शिक्षककहरुको बढुवा हुनेछैन् ।

**२९. शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र गाउँपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३०. कार्यसम्पादन करार सम्झौता गर्नुपर्नेः**

शिक्षालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्झौंताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) गाउँपालिका अध्यक्षको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले शिक्षा शाखा हेर्ने अधिकृतसँग, शिक्षा अधिकृतले सबै विद्यालयका प्रधानाध्यापकसँग, प्रधानाध्यापकले आफ्ना मातहतका सबै शिक्षकहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मुल्याङ्कन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्य गाउँ शिक्षा समितिले तयार पारी गाउँ कार्य पालिकामा पेश गर्नु पर्नेछ ।

**३१. कार्य सम्पादन मुल्याङ्कन र सजाय तथा पुरस्कारः**

(१) कार्यसम्पादन करार भएका शिक्षक तथा कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने शिक्षक तथा कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने शिक्षक कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन करारका सूचकहरु तयार गर्दा शिक्षकको सृजनशिलता, परिवर्तनशिलताको विकास हुने प्रकारका सूचकहरु निर्धारण गर्नु पर्नेछ ।

(३) कार्यसम्पादन सम्झौंताको मूल्याङ्कन, पुरस्कार र सजाय गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

सरावल गाउँपालिका

## परिच्छेद-६

## सामुदायिक विद्यालयको भौतिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन

**३२. विद्यालयको भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड निर्धारण**

(१) विद्यालयमा विद्यार्थी संख्या अनुसार कक्षाकोठा, खेल मैदान कम्पाउण्ड, घेराबार, बालमैत्री बसाइ व्यवस्था, वातावरण मैत्री हाता, करेसाबारी, फूलबारी, स्वच्छ पिउने पानी, छात्र छात्राका लागि अलग अलग शौचालय तथा सिकाइ मैत्री वातावरण हुनु पर्नेछ ।

(२) विद्यालयको स्तरअनुसार भौतिक तथा शैक्षिक पूर्वाधारको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

(३) प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय तथा विज्ञान मूल विषय पठनपाठन हुने विद्यालयमा प्रयोगशाला तथा प्रयोगात्मक अभ्यासको थप सुविधा हुनु पर्ने छ ।

**३३. विद्यालयको सम्पत्तिः**

(१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति गाउँपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानुनबमोजिम बेच–बिखन गरी प्राप्त भएको रकम गाउँपालिको शिक्षा कोषमा जम्मा गर्नेछ ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि गाउँ पालिकाको अनुमति लिनु पर्नेछ ।

**३४. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन**

(१) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सो विद्यालयकै नाममा रहने छ । सो विद्यालय बन्द, खारेज वा अन्यत्र गाभिई विद्यालयको काममा प्रयोग नहुने भएमा गाउँपालिकाले कानुन बमोजिम भोग चलन गर्न सक्ने छ ।

सरावल गाउँपालिका

(२) विद्यालयको सम्पत्तिको अभिलेख दुरुस्त राख्ने, संरक्षण तथा व्यवस्थापन गर्ने दायित्व सो विद्यालयको व्यवस्थापन समितिको रहने छ ।

(३) सामुदायिक विद्यालयको जग्गाको संरक्षण र व्यवस्थापन गर्ने कर्तव्य गाउँपालिका र नेपाल सरकारको रहने छ ।

**३५. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड अनुरुप सिकाइ उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्नेछ । विद्यालयले नेपाल सरकारले तोकेको मापदण्ड भित्र रही प्रादेशिक तथा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्न सक्नेछ ।

(२) विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तकहरुको संख्या सम्बन्धित विद्यालयले तोकिएको समय सीमा भित्र माग गर्नुपर्नेछ ।

(३) गाउँ शिक्षा समितिले शैक्षिक सत्र शुरु हुनु अगावै सम्बन्धित निकायहरुमा समन्वय गरी पाठ्यपुस्तकको प्रबन्ध गर्नेछ ।

(४) आधारभूत तहसम्मको शिक्षाका लागि स्थानीय आवश्यकतामा आधारित बढीमा १०० पूर्णाङ्क वा ४ क्रेडिट आवर बराबरको स्थानीय थप विषयको स्थानीय पाठ्यक्रम प्रयोगमा ल्याउन सक्नेछ । यसको लागि पाठ्पुस्तक विद्यालय व्यवस्थापन समितिले निर्णय गरी लागु गर्न सक्ने छ ।

(५) हरेक विद्यालयमा शैक्षिक स्तरको न्यूनतम मापदण्ड तोकी शिक्षक विद्यार्थी सहकार्यमा आधारित पाठ्य सामग्री, थप स्वाध्ययन सामग्री, पुस्तकालय, मनोविमर्श, अभिभावक शिक्षाको प्रवन्ध हुनु पर्नेछ ।

**३६. अतिरिक्त शैक्षिक कृयाकलापको सञ्चालनः** विद्यालयले पाठ्यक्रममा आधारित सिकाइमा सहजता ल्याउन अतिरिक्त शैक्षिक कृयाकलाप हरु बालक्लव, तथा वातावरण मैत्री क्लवहरु गठन, परियोजना कार्य, अध्ययन भ्रमण, पोषण शिक्षा, खेलकुद प्रतियोगिता, साहित्यिक तथा बहुप्रतिभामूखि कृयाकलापहरु सञ्चालन गर्न सक्नेछ ।

**परिच्छेद - ७**

संस्थागत विद्यालयको अनुमति, मापदण्ड निर्धारण, अनुगमन, मूल्याङ्कन र नियमनसम्बन्धी व्यवस्था

३७. संस्थागत विद्यालय सञ्चालन गर्न तोकिए बमोजिम अनुमती वा स्वीकृती लिनु पर्नेछ ।

**३८.संस्थागत विद्यालयको व्यवस्थापन समिति**

(१) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-

सरावल गाउँपालिका

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिकाबाट मनोनित - अध्यक्ष

(ख) अभिभावकहरू मध्येबाट कम्तीमा एक जना महिला पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

(ग) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरू मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य;

(घ) सम्बन्धित क्षेत्रको विद्यालय निरीक्षक - सदस्य;

(ङ) सम्बन्धित विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एकजना - सदस्य

(च) विद्यालयको प्रधानाध्यापक - सदस्य-सचिव

(२) उपदफा (१) को (क) (ख) र (ग) बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ ।

**३९. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(ङ) नेपाल सरकार र गाउँपालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने गराउने

(च) प्रचलित कानुन बमोजिम योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(छ) शिक्षक तथा कर्मचारीको न्यूनतम तलब, सेवा सुविधा तोक्ने,

(ज) अनुशासनहीन शिक्षक उपर कारबाही गर्ने,

(झ) कानुनमा उल्लेखित व्यवस्थाका अतिरिक्त गाउँपालिकावाट जारी शिक्षाक्षेत्रसँग सम्बन्धित सवै नीति,नियम, तथा निर्देशनहरूको पालना गर्ने;

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४०. संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**

(१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित विद्यार्थीहरुलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ । छात्रवृत्ति वितरणको यथार्थ जानकारी सम्वन्धित वडा समिति र गाउँपालिका शिक्षा शाखा समक्ष बुझाउनु पर्ने छ ।

(२) छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको छनौटको लागि आधार, शर्त र प्रकृया विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक समेत गर्नु पर्नेछ र समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा आधार सहित सार्वजनिक गर्नु पर्नेछ ।

**४१. शिक्षकको न्यूनतम पारिश्रमिक र पूर्वाधारको मापदण्ड तोक्नेः**

गाउँ शिक्षा समितिले संस्थागत विद्यालयका शिक्षकहरुको न्यूनतम पारिश्रमिक र न्यूनतम पूर्वाधारको मापदण्ड तोक्न सक्नेछ ।

**४२. अनुगमन तथा मूल्याङ्कन**

संस्थागत विद्यालयको गुणस्तर कायम राख्न गाउँपालिका वा गाउँ शिक्षा समितिले जुनसुकै समयमा अनुगमन गर्न, निर्देशन दिन सक्नेछ । यसरी प्राप्त निर्देशन कार्यान्वयन गर्नु संस्थागत विद्यालयको अनिवार्य दायित्व हुनेछ ।

**४३. अनुमति वा स्वीकृति रद्द गर्नेः**

कुनै संस्थागत विद्यालयले कानुन र नियम विपरीत कुनै काम गरेमा गाउँपालिकाले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति रद्द गर्न सक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

## परिच्छेद-८

परीक्षा सञ्चालन तथा गुणस्तर मापन

४४. (१) गाउँपालिका क्षेत्रभित्र पर्ने विद्यालयहरुमा परीक्षा सञ्चालन तथा समन्वयको लागि देहायको एक परीक्षा सञ्चालन तथा समन्वय समिति रहनेछ ।

(क) गाउँ शिक्षा समितिको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधी - सदस्य

(घ) प्रमुख, सम्बन्धित स्थानीय तहमा रहेको प्रहरी कार्यालय - सदस्य

(ङ ) संस्थागत विद्यालयको प्रतिनिधि एक जना - सदस्य

(च) शिक्षा अधिकृत - सदस्य-सचिव

(२) परीक्षा सञ्चालन तथा समन्वय समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(३) स्थानीय तहको क्षेत्राधिकार बाहिरको शैक्षिक तहको परीक्षा सञ्चालन गर्न सम्वन्धित निकायवाट भएको व्यवस्था वमोजिम समितिले सहजीकरण र समन्वय गर्नेछ ।

सरावल गाउँपालिका

(४) कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्ड वमोजिम समितिले गर्नेछ । यसका लागि सम्वन्धित कक्षाका विद्यार्थीहरुबाट परिक्षामा लाग्ने खर्च प्राप्त गर्न परिक्षा शुल्क लिन सक्ने छ ।

(५) उपदफा (४) बाहेकको कक्षाहरुको परीक्षा विद्यालय व्यवस्थापन समितिको निर्देशनमा प्रधानाध्यापकले गर्नेछ ।

## परिच्छेद–९
## विद्यालयलाई दिइने अनुदान, लेखा व्यवस्थापन र शुल्क नियमन,

**४५. विद्यालय कोषः**

(१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय वमोजिमका स्रोतवाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः–

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

**४६. अनुदानको व्यवस्थाः**

(१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ । तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ ।

(२) सामुदायिक विद्यालयहरुलाई तोकिए बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछ ।

(३) गाउँपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान दिन सक्नेछ ।

**४७. बजेट तयार गर्नेः** प्रधानाध्यापकले प्रत्येक वर्षको मसान्त भित्र आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति शिक्षा शाखामा समयमा पठाउनु पर्नेछ ।

**४८. लेखा व्यवस्थापनः**

(१) सबै विद्यालयहरुले प्रचलित कानून अनुसारको ढाँचामा आय व्यायको लेखा व्यवस्थापन गर्नुपर्ने छ ।

सरावल गाउँपालिका

(२) नियमित कारोबारको लेखा राख्न बेग्लै व्यवस्था गरी कुनै कर्मचारी वा शिक्षकलाई जिम्मेवारी दिनु पर्नेछ ।

**४९. सामुदायिक विद्यालयको खाता सञ्चालनः**

(१) विद्यालयले आर्थिक कारोबार गर्दा बैंक मार्फत गर्नुपर्नेछ ।

(२) विद्यालयको खाता सञ्चालन प्रधानाध्यापक र लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट सञ्चालन गर्नुपर्नेछ ।

**५०. लेखा परीक्षण तथा सामाजिक परीक्षण:**

(१) सबै विद्यालयहरुले नियमित रुपमा आर्थिक वर्ष समाप्त भएको पहिलो चौमासिक भित्र गाउँ शिक्षा समितिले तोकेको रजिष्टर्ड लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्नेछ ।

(२) लेखा परीक्षण प्रतिवेदन लेखा परीक्षण समाप्त भएको १५ दिन भित्र गाउँ शिक्षा समिति मार्फत गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

(३) प्रत्येक वर्ष विद्यालयले सामाजिक परीक्षण गरी विद्यालयको आयव्यय, शैक्षिक उपलब्धी, विद्यालयको आन्तरिक गतिविधि, पारदर्शिता तथा जवाफदेहिताको अवस्था र आगामी कार्ययोजना सामाजिक परीक्षण मार्फत सार्वजनिक तथा अनुमोदन गर्नु पर्नेछ ।

(४) सामुदायिक विद्यालयको सामजिक परीक्षण गर्नको लागि प्रत्येक सामुदायिक विद्यालयमा देहाय बमोजिमको सामाजिक परिक्षण समिति रहने छ ।

(क) शिक्षक अभिभावक संघको कार्यकारी समितिको अध्यक्ष - संयोजक

(ख) अभिभावकहरुमध्येबाट शिक्षक अभिभावक संघको कार्यकारी समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

(ग) स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, चन्दादाता मध्येबाट शिक्षक अभिभावक संघको कार्यकारी समितिले मनोनित गरेको एक जना - सदस्य

(घ) उच्चतम कक्षाको उत्कृष्ट विद्यार्थीहरु मध्येबाट प्रधानाध्यपकले मनोनित गरेको एकजना छात्र वा छात्रा - सदस्य

(ङ) प्रधानाध्यापकले मनोनित गरेको एक जना शिक्षक - सदस्य सचिव

**५१.** छात्रवृतिको व्यवस्था गर्न सक्नेः गाउँपालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई शिक्षा विकास कोषबाट तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ ।

**५२. शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(२) निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ ।

सरावल गाउँपालिका

(३) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(४) विद्यालयले भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन ।

(५) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाहरुलाई आधार लिइने छ ।

**५३. विद्यालयलाई छुट र सुविधा**

(१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ ।

(३) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिएबमोजिम हुनेछ ।

**परिच्छेद-१०**

विविध

**५४.** गाउँपालिका क्षेत्रमा सञ्चालित सामुदायिक विद्यालयमा प्राविधिक तथा व्यवसायिक शिक्षाका निर्धारित विषय अध्यापन गराउन सकिने छ । यस्ता विद्यालयको सञ्चालनका लागि गाउँपालिकाले सम्भाव्यता अध्ययन, विद्यालयलाई थप सुविधा प्रदान र आवश्यक स्रोत पहिचान र परिचालन गर्न सक्नेछ ।

**५५. गाउँपालिकाले निर्देशन दिन सक्नेः**

(१) गाउँपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ ।

सरावल गाउँपालिका

**५६. शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**

(१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा जस्ता शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षाको अनुमति लिने सम्बन्धी व्यवस्था गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**५७. प्रगति विवरण बुझाउनु पर्नेः** संस्थागत विद्यालयले प्रत्येक वर्ष तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण गाउँ कार्यपालिकको कार्यालयमा बुझाउनु पर्नेछ ।

**५८. शिक्षक वा विद्यालयका कर्मचारीले निजी विद्यालयमा लगानी गर्न नपाउनेः** विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै निजी विद्यालय सञ्चालन गर्न, लगानी गर्न वा व्यवस्थापन सम्बन्धि कुनै कार्य गर्न पाउने छैन ।

**५९. स्थानीय शिक्षा विकास कोष**

(१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र बसोवास गर्ने अति विपन्न, प्राकृतिक प्रकोप पिडित, असक्त र असहाय बालबालिकाको शैक्षिक अवसर बृद्धि गर्न तथा उत्कृष्ट विद्यार्थी, शिक्षक, कर्मचारी वा शिक्षा प्रेमीलाई पुरस्कृत गर्न शिक्षा विकास कोष स्थापना हुनेछ ।

(२) कोषमा देहाय बमोजिमका रकम रहन सक्नेछः

(क) नेपाल सरकार, प्रादेशिक सरकार र गाउँपालिकाबाट प्राप्त अनुदान,

(ख) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(ग) चन्दा वा दान दातव्यबाट प्राप्त रकम, र

(घ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) कोषको सञ्चालन गाउँपालिकाको अध्यक्ष, शिक्षा हेर्ने कार्यपालिका सदस्य र शिक्षा अधिकृत रहेको ३ सदस्यीय समितिबाट हुनेछ ।

**६०. दण्ड सजायः**

(१) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई मुद्दा हेर्ने अधिकारी वा न्यायिक समितिले बिगो असूल गरी विगो बमोजिम जरिवानागर्न सक्नेछ ।

(२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसूरको मात्रा हेरी कानूनले तोके वमोजिम सजाय हुनेछः-

(क) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(ख) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्यगरेमा,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेशगर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

सरावल गाउँपालिका

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(ङ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ।

(च) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा ।

(छ) कानून विपरीतको अन्य कार्य गरेमा ।

(३) विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मिति देखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ । सो शिक्षक वा कर्मचारी अदालतबाट कसूरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम सजाय गरिनेछ ।

**६१. पुनरावेदनः** तोकिएको अधिकारीले गरेको सजायको आदेशउपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

**६२. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनको लागि गाउँ शिक्षा समितिले आवश्यक निर्देशिका बनाई लागू गर्न सक्नेछ ।

६३. संक्रमणकालीन व्यवस्थाः

(१) यस ऐनले तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म गाउँ कार्यपालिकाले गर्न सक्नेछ ।

(२) यो ऐन जारी भए पछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा विज्ञापनको अनुमति गाउँ कार्यपालिकाले दिन सक्नेछ ।

**६४. बाधा अडकाउ फुकाउने अधिकारः**

यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा-अड्काउ परेमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी सक्नेछ । तर यस्तो आदेश गाउँ कार्यपालिकाले ६ महिना भित्रमा अनुमोदन नगरेमा स्वत निष्कृय हुनेछ ।

**६५. बचाउ र लागू नहुनेः**

(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियममा लेखिएजति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिना–मिना गरेको कसूरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अन्तर्गत कारवाही चलाउन बाधा पर्ने छैन ।

सरावल गाउँपालिका

(३) नेपालको संविधान २०७२ तथा संघीय ऐन र प्रादेशिक ऐनसंग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु वाझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

आज्ञाले:
विशाल मिश्रा
प्रमुख प्रशासकीय अधिकृत

सरावल गाँउपालिका